स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं: २०७९/८०　　　　　　　　　　　　　　　　　　　　मिति: २०७९/०८/१८

च.नं.:

**बिषयः किसान सूचिकरण सहजकर्ता छनौटको लागि आवेदन दिने बारेमा सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०८/१८**

प्रस्तुत विषयमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को दफा(१४) को उपदफा (१) बमोजिम किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुका लागि उपलव्ध गराइने सेवा र सुविधा प्रतिको पारदर्शिता तथा सुशासन अभिवृद्धी गर्ने तिनै तहको साझेदारीमा किसानको आवश्यक विवरणहरु विद्युतीय प्रणाली मार्फत संकलन गरी किसान सूचिकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सवैको जानकारीको लागि अनुरोध छ। साथै उक्त किसान सूचिकरण कार्यक्रम कार्यान्वयन गर्नका लागि जारी गरिएको किसान सूचिकरण कार्यक्रम कार्यान्वयन **"कार्यविधी २०७७"** बमोजीम यस गाउँपालिकाका सवै वडाहरुमा तथ्याँक संकलनको लागि सहजकर्ता छनौट गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले आवश्यक विवरण सहित यो सूचना प्राप्त भएको मितिले १५ दिनभित्र (२०७९-०९-०३ गते) गाउँपालिकामा आवेदन दर्ता गराउन हुन सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कार्यवाही हुनेछैन ।

<u>तपसिल</u>

**१.सहजकर्ताको आवश्यकता न्यूनतम योग्यताः-**

- ➢ न्यूनतम १२ कक्षा पास भएको हुनु पर्ने ।
- ➢ ईन्टरनेट चलाउन सक्ने (एनड्रोईड ~~तथा~~ वा ल्यापटप भएको) ।

**२.निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातः-**

- ❖ रु १० को हुलाक टिकट टाँस गरेको निवेदन ।
- ❖ नेपाली नागरिकताको प्रतिलीपी ।
- ❖ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।
- ❖ सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र ।
- ❖ यसै सूचना संग सम्बन्धीत अन्य अनुभव सम्बन्धी कागजात

**३.आवश्यक सहजकर्ता संख्याः-**

प्रत्येक वडाको लागि २ जनाको दरले कुल १४ जना ।

**उदयराज भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**

E-mail: helamburm@gmail.com, Website: www.helambumun.gov.np